# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, भदौ ५ गते २०४५ साल (अतिरिक्ताङ्क २८ (ग)

## भाग १

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट वि.सं. २०४५ साल भदौ ५ गते आईतबारका दिन पूर्वाञ्चल तथा काठमाडौं उपत्यका लगायतका विभिन्न ठाउँहरूमा गएको भूकम्पबाट पीडित परिवारहरूप्रति समवेदना प्रकट गरिबक्सँदै देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

आज बिहान पूर्वाञ्चल तथा काठमाडौं उपत्यका लगायतका विभिन्न ठाउँहरूमा गएको भूकम्पबाट हुन पुगेको धन-जनको क्षतिको कुरा सुनेर हाम्रा बडामहारानीका साथै हामीलाई दुःख लागेको छ । यस भूकम्पको धक्काले के कति क्षति पुऱ्याएको छ भन्ने विषयमा राम्ररी लेखा-जोखा गर्न अझै केही समय लाग्नेछ । तापनि भूकम्पबाट पीडित जनताको राम्रो हेर विचार तथा उद्धार गर्दै तत्काल सक्दो सहायता पुऱ्याउन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हामीले हाम्रो सरकारलाई अह्राएका छौं । यस्तो दुःखको बेला सबै नेपाली मिलेर उद्धार कार्यमा योगदान पुऱ्याउनु सबैको कर्तव्य हो भन्ने कुरा हामीले बिर्सनु हुँदैन ।

अन्तमा, यस प्रकारको दैवी प्रकोपबाट शोकाकुल हुन पुगेका परिवारहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

श्री पशुपतिनाथले हामी सबैको रक्षा गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

३०६



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।